# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## घोडाघोडी नगरपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ४७७

मितिः २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
घोडाघोडी नगरपालिका, कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. **४७८**

मिति: २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
घोडाघोडी नगर कार्यपालिकाको
कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ८ लाख ४२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२२ लाख ६५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८१ लाख ४३ हजार नियमित गर्नुपर्ने रु.१२ लाख २४ हजार र पेश्की बाँकी रु.३ करोड ९२ लाख १० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ (छब्बीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमूख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।१२।२०
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# घोडाघोडी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न घोडाघोडी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । घोडाघोडी नगरपालिका अन्तर्गत १२ वडा रहेको ६५ सभा सदस्य ३५४.४४ व.कि.मी. क्षेत्रफल, ८७६७९ जनसंख्या रहेको छ । यो नगरपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–**आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १७१०४५३७१.२२ | १ | **चालु खर्च** | | ४९०६८५६८३.०७ |
| | क) नगद | ७६६४९८.१४ | ० | २ | **पूँजीगत खर्च** | | २५३१३५००० |
| | ख) बैंक | १७०२७८८७३.२२ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | १४८८६५६२३.३७ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | २४०९५७०४.९३ | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | १२१०६०३७३.८५ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ३७०९५४४.५९ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | | ० | | ग) अन्य भुक्तानी | | ११२८०६५४ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ६०४७९८००० | ५ | **लगानी** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १९३७००००० | ० | | ऋण लगानी | | ० |
| | ख) सशर्त अनुदान | ४११०९८००० | ० | | शेयर लगानी | | ० |
| | ग) समपूरक अनुदान अन्य | | ० | | अन्य लगानी | | ० |
| | घ) विशेष अनुदान | | ० | ६ | **धरौटी फिर्ता** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १२६२९००० | ७ | **को.ले.नि.का फिर्ता** | | ४२३०२९९७.२९ |
| | क)वित्तीय समानीकरण अनुदान | ८४२९००० | ० | ८ | **कोष खर्च** | | ० |
| | ख) सशर्त अनुदान | ० | ० | ९ | **मौज्दात** | | १४४७३५०८७.६७ |
| | ग) समपूरक अनुदान अन्य | ० | ० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | ४२००००० | ० | | ख) बैंक मौज्दात | १४४७३५०८७.६७ | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | ग) धरौटी बाँकी | | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | घ) कर्मचारी कल्याण कोष | | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | ङ) विपद् व्यवस्थापन कोष | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | १९८५००० | | | | ० |
| ११ | **धरौटी आय** | | २८१६४२७.४४ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | ० | | | | ० |
| | **जम्मा** | | ९४२१३९४२२.०३ | | **जम्मा** | | ९४२१३९४२२.०३ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।११।१५ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.८६८६६३०।-असुल दाखिला भएको छ ।** | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट नगर सभाबाट पारित हुनुपर्नेमा मिती २०७५।५।१० को वैठक बाट नीति तथा कार्यकम स्वीकृत भएको छ । जसमा समानीकरण तर्फ ५० करोड ५२ हजार, शशर्त तर्फ २० करोड ७४ लाख गरी रु ७० करोड ७४ लाख ५२ हजारको वजेट तथा कार्यकमको अनुमान पेश भएको छ । उक्त अनुमानमा देहाय अनुसारका कार्यकम पेश भएको छ ।<br><br>सिन \| क्षेत्रगत कार्यकमहरु \| संख्या \| वजेट रु (हजार)<br>१ \| आर्थिक विकास \| ६ \| ३२४८७<br>२ \| सामाजिक विकास \| ११ \| ८२४७५<br>३ \| पूर्वाधार विकास \| २८ \| ३०८५४०<br>४ \| कोषहरु \| २ \| ४०००<br><br>नगरपालिकाले उपरोक्त ३ क्षेत्रगत कार्यकमका लागि १२ वटा वडाहरुमा २३४ वटा योजनाहरु संञ्चालनमा ल्याउने गरी बजेट तथा कार्यक्रम बाँडफाँड गरेकोमा उपरोक्त कार्यक्रमहरु कार्यान्वयन गरी सो को भौतिक प्रगति समेतको बार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन । कार्यालयले कार्यान्वयनमा भएका योजना तथा कार्यक्रमको बार्षिक प्रगति तयार गरी समिक्षा गर्नुपर्दछ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५००००००० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.२४०८५७०४।९९ अर्थात अनुमान भन्दा ५१.८३ प्रतिशत घटी आय प्राप्त गरेको छ । अतः आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ३. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु.२४०८५७०४।९९ आन्तरिक आय प्राप्त गरेकोमा नगरपालिका अन्तर्गतका १२ वटा वडाको आम्दानीसमेत एकमुष्ट नगरपालिकाले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । नगरपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको ब्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी ब्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको छैन । ऐनमा ब्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :**<br>नगरपालिकाको विशेष नगरसभा वैठकमा आ.व. २०७५।७६ को वार्षिक नीति तथा कार्यक्रम देहायबमोजिम पेश गरिएको देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | (तालिका तल) | |

| सि न | नीति | समेटिएका विषयहरु |
|---|---|---|
| *क* | ***आर्थिक विकास*** | |
| १ | कृषि तथा पशु विकास | १७ वटा |
| २ | पर्यटन | ५ |
| ३ | उद्योग तथा वाणिज्य | ५ |
| ४ | सहकारी | ८ |
| ५ | वित्तिय क्षेत्र | ३ |
| *ख* | ***सामाजिक विकास*** | |
| १ | शिक्षा | २८ |
| २ | स्वास्थ्य र सरसफाई | ७३ |
| *ग* | ***पूर्वाधार विकास*** | |
| १ | सडक यातायात विद्युत | १० |
| २ | शहरी विकास तथा योजना | १३ |
| *घ* | ***वन वातावरण विपद व्यवस्थापन*** | २० |
| *ङ* | ***शुसासन संस्थागत विकास*** | २४ |
| *च* | ***संञ्चार नीति*** | ७ |

उपरोक्त अनुसारका नीति तथा कार्यक्रम मध्ये तपशिलका व्यवस्थाहरु कार्यान्वयनमा आउन सकेको देखिएन ।

- *माछा सुपरजोन वनउने क्षेत्रगत व्यवस्था*
- *जैविक सूचना केन्द्र स्थापना*
- *सहकारीको नियमन व्यवस्था*
- *ppp model मा नमुना विद्यालय संञ्चालन*
- *नगर क्षेत्रमा १५ शैयाको अस्पताल स्थापना*
- *स्वास्थ्य विमा लागु गर्ने*

***८.*** **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । नगरपालिकाले निम्नानुसारका क्षेत्रगत कार्यक्रम तयार गरेको छ ।

| सि.नं. | कार्यक्रम | लगानी क्षेत्र | संख्या | वजेट (000) | जनसहभागीता |
|---|---|---|---|---|---|
| १ | १२ वडामा वडा स्तरीय कार्यक्रम | पूर्वाधार, सामाजिक, आर्थिक विकास | ३२९ | ४२३४९५ | नखुल्ने |
| २ | वडास्तरीय विषेश कार्यक्रम | पूर्वाधार, सामाजिक | १ | १०० | ” |
| ३ | यूवा शसक्तिकरण कार्यक्रम | सामाजिक विकास | ४ | ४०० | ” |
| ४ | जलवायु अनुकुलन कार्यक्रम | वातावरण | १ | ७०० | ” |
| जम्मा | | | ३३५ | ४२४६९५ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **बजेट अबण्डा** :<br>स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा नगरपालिकाले पूजिगत शिर्षकका कार्यक्रममा भैपरी आउने कोष मा रु १ करोड २० लाख ३९ हजार वजेट अवण्डा राखी विनीयोजन गरेको छ । उक्त रकम विभिन्न ३२ वटा शिर्षकमा नगर कार्यपालिकाको वैठकबाट वाडफाँड गरेको छ । ऐन नियमको सीमा वाहिर गएर अवण्डा बजेट कोषमा राखी नगर कार्यपालिकको पटके निर्णय बाट कार्यक्रम खर्च गर्नु उपयुक्त देखिएन । | |
| १०. | **चौमासिक खर्चः**<br>नगरपालिकाले उपलब्ध गराएको पूँजीगत खर्चको विवरणअनुसार रु.२५ करोड ३१ लाख ३५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ८२ लाख ५७ हजार अर्थात ७.२१ प्रतिशत, दोश्रो चौमासिकमा रु.७ करोड ८४ लाख १० हजार, अर्थात ३०.९८ प्रतिशत र तेश्रो चौमासिकमा रु.१५ करोड ६४ लाख ६७ हजार, अर्थात ६१.८१ प्रतिशत खर्च गरेकोमा आषाढ महिनामा मात्र रु.७ करोड ६४ लाख २४ हजार अर्थात ३०.१९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ११. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय तथा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.४२५७३२०१।२३ संघीय संचित कोषमा तथा रु.५८१०४५।- प्रदेश सञ्चित कोषमा दाखिला भएको छ । | |
| १२. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा नगरपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट नगरपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । नगरपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १३. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १४. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १५. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६. | **कर्मचारी व्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६५ रहेता पनि पदपूर्ति २५ रहेको देखियो । प्रमूख प्रशासकीय अधिकृतसहित ४० पद रिक्त रहेका छन् । तिमध्ये ५ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ भने स्वीकृत दरवन्दी भन्दा बाहेकका कार्यालय सहयोगीदेखि सूचना प्रविधि अधिकृतसमेत गरी ५१ जना करारमा नियुक्त गरेको छ । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १७. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br><br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br><br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>• मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा आंशिक सामानहरुको मूल्य खुलाएको छैन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक कियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>• *सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,* | |
| १८. | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैँले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९. | **बार्षिक खरिद योजना/ गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२५ करोड ३१ लाख ३५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २०. | ***सवारी साधन खरिदको विवरण*** *: नगरपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छ:* | |

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | टिपर | १ | २६६६००० | | |
| २ | मोटरसाइकल तथा स्कुटर | २० | ४३८९८०० | कर्मचारी तथा पदाधिकारी | १५ वटा मो.सा. ०७५।७६ मा खरिद |
| ३ | जीप | २ | ९४४०००० | पदाधिकारी | १ वटा जीप ०७५।७६ मा खरिद |
| ४ | व्याक हो लोडर | १ | ३३७५००० | | |
| ५ | दमकल | १ | ४४५०००० | | |

**२१.** ***सेवाप्रवाहको स्थिति :***
नगरपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| *सि.नं.* | *विवरण* | *जम्मा* |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ४४ तथा नयाँ ५३) | ९७ |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | १५ |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | पेश नभएको |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | |
| | ***पञ्जिकरण तर्फ*** | |
| ७ | *जन्मदर्ता* | ३८३९ |
| ८ | *मृत्यू दर्ता* | |
| ९ | *बसाईसराई दर्ता* | |
| १० | *बिबाहदर्ता, सम्बन्ध विच्छेद दर्ता* | |
| | ***अन्य सिफारिस*** | |
| ११ | *घरबाटो सिफारिस* | ८५१ |
| १२ | *नागरिकता सिफारिस* | ४१०२ |
| १३ | *नाता प्रमाणित* | ५३८ |
| १४ | *अन्य* | ५७७४ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | *कालोपत्रे सडक निर्माण* | पेश नभएको |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १६ कालोपत्रे सडक मर्मत<br>१७ ग्राभेल सडक निर्माण<br>१८ ग्राभेल सडक मर्मत<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस बाहेकका ऐनले तोकेका सेवाको सेवाप्रवाह कमजोर देखिएको छ । | |
| २२. | **कानून निर्माण र कार्यान्वयन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् : | |

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | पेश्की खर्च ऐन,२०७४ |
| २. | आर्थिक ऐन,२०७४ |
| ३. | विनियोजन ऐन,२०७४ |
| ४. | घोडाघोडी न.पा.को कृषि प्रवर्द्धन ऐन,२०७४ |
| ५. | घोडाघोडी न.पा. को प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन,२०७४ |
| ६. | घोडाघोडी नगरपालिकाको सहकारी ऐन,२०७४ |
| ७. | विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७६ |
| ८. | टोल विकास संस्था स्थापना तथा संचालन निर्देशिका २०७४ |
| ९. | स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ |
| १०. | बजार अनुगमन निर्देशिका , २०७४ |
| ११. | पदाधिकारी एवं कर्मचारी आचार संहिता, २०७४ |
| १२. | एफ.एम. रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ |
| १३. | कार्यसम्पादन नियमावली,२०७४ (पहिलो संसोधन) |
| १४. | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७४ |
| १५. | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ |
| १६. | एकिकृत सम्पती कर व्यवस्थापन कार्यविधि, २०७५ |
| १७. | निजि स्रोत विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ |
| १८. | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ |
| १९. | अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७५ |
| २०. | सहकारी व्यवस्थापन अनुदान मापदण्ड, २०७५ |
| २१. | छाडा तथा घरपालुवा जनावरको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ |
| २२. | कार्य सम्पादन नियमावली,२०७४ |
| २३. | कार्य विभाजन नियमावली,२०७४ |
| २४. | नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि,२०७४ |
| २५. | नगरसभा संचालन कार्यविधि,२०७४ |

| दफा नं. | | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|---|
| | २६. | नगरकार्यपालिका बैठक संचालन कार्यविधि,२०७४ | |
| | २७. | शिक्षा राहात कोष कार्यविधि,२०७४ | |
| | २८. | बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डको कार्यविधि,२०७४ | |
| | २९. | स्वास्थ्य राहात कोष कार्यविधि,२०७४ | |
| | ३०. | आधारभुत तथा माध्यमीक शिक्षा कार्यविधि,२०७४ | |
| | ३१. | टोल विकास संस्था स्थापना तथा संचालन निर्देशिका २०७४ | |
| | ३२. | स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ | |
| | ३३. | बजार अनुगमन निर्देशिका , २०७४ | |
| | ३४. | पदाधिकारी एवं कर्मचारी आचार संहिता, २०७४ | |
| | ३५. | एफ्.एम. रेडीयो व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ | |
| | ३६. | कार्यसम्पादन नियमावली,२०७४ (पहिलो संसोधन) | |
| | ३७. | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७४ | |
| | ३८. | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७४ | |
| | ३९. | एकिकृत सम्पतीकर व्यवस्थापन कार्यविधि, २०७५ | |
| | ४०. | निजि स्रोत विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि २०७५ | |
| | ४१. | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ | |
| | ४२. | अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७५ | |
| | ४३. | सहकारी व्यवस्थापन अनुदान मापदण्ड, २०७५ | |
| | ४४. | छाडा तथा घरपालुवा जनावरको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ | |
| | ४५. | घर बहाल तथा विटौरी शुल्क सम्बन्धि कार्यविधि २०७६ | |
| २३. | | ***कल्याण कोष :*** *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने ब्यवस्था छ । सो ब्यबस्था अनुसार यस नगरपालिकाको सभाबाट बजेट बिनियोजन गरी कर्मचारी कल्याण कोष खातामा ल्याएको पाइएन । स्थानीय तहका कर्मचारीहरुले सेवा निवृत हुँदा प्राप्त गर्ने सेवा सुबिधामा भविष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुँदा आफ्नो नगरपालिकाभित्रका कर्मचारीहरुको अवस्था समेतलाई मध्यनजर गरी कर्मचारी कल्याण कोषको ब्यवस्था गर्नुपर्दछ ।* | |
| २४. | | ***न्यायिक समिति :*** *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा ३० वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले १७ वटा मुद्दा फछ्र्यौट गरेको, १ वटा मुद्दामा जिल्ला जान सल्लाह दिएको र १२ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो,* | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहायबमोजिम रु. ६८९४००० /- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष १२ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य २७ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३५०००</td><td>३००००</td><td>२२०००</td><td>९०००</td><td>६०००</td><td>६७५६०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१६००</td><td>१५००</td><td>७००</td><td></td><td></td><td>१३८०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>६८९४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अनुगमन भत्ता सहित जम्मा रु.७७९०००।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम सँगत नदेखिएको रु.</td><td>७७९०००</td></tr>
<tr><td></td><td>कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:</td><td></td></tr>
<tr><td>२७.</td><td>योजना र कार्यान्वयनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>लक्ष्य प्रगतिको स्थितिः<br><br>नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा नगरपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । नगरपालिकाबाट सञ्चालित २०० मूल कार्यक्रममध्ये १२८ कार्यक्रममा शुन्य प्रगति रहेको, २० वटा कार्यक्रममा २५ प्रतिशतसम्म प्रगति भएको, ४० वटा कार्यक्रममा ५० प्रतिशतसम्म प्रगति भएको, १२ वटा कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति भएको विवरण नगरपालिकाले दिएको छ । वटा स्वीकृत कार्यक्रम अनुसारको लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३०. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।५।१० मा सम्पन्न नगर सभाबाट पारित विभिन्न क्षेत्रगत ३ वटा कार्यक्रम तथा अन्तर्गतका ३२९ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको वार्षिक प्रतिवेदनलाई पारित गरेको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३१. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३२. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण  पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३३. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका  सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि  योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको  हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>सार्वजनिक तथा सामाजिक परीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वियन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>गुणस्तर परीक्षणः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप, जि आई तार, सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>वडा कार्यालय भवन निर्माणः नगरपालिकाले वडागत पूर्वाधार निर्माणका लागि १२ वटा वडा मध्ये यस वर्ष विभिन्न ८ वटा वडाका कार्यालय भवन निर्माण गर्न वजेट विनियोजन गरे अनुसार सवै वडा कार्यालय भवन ठेक्का सम्झौता सम्पन्न भई कार्यान्वयनमा गएको देखियो । यसमध्ये ४ वटा ठेक्काको यस वर्ष मोविलाइजेशन पेश्की मात्र भुक्तानी भएको , निर्माण कार्य हुन नसकेको , वाकी ४ वटा ठेक्काको प्रथम रनिङ विल सम्मको प्रगती देखाएको छ । ढिला ठेक्का सम्झौता भएका कारण वडा कार्यालय भवनको अपेच्छित प्रगती हुन सकेको देखिएन । अतः नगरपालिकाले भौतिक निर्माणको कार्यको प्रथम चौमासिकमा कार्यकम अनुसारका ठेक्का संम्झौता गरी कार्यान्वयनमा लैजाने गरी वार्षिक खरिद योजना स्वीकृत एवं कार्यान्वयन गर्ने तर्फ पहल हुनुपर्ने देखिन्छ । वडागत भवन निर्माणको प्रगती कार्यालयले देहाय अनुसार पेश गरेको छ ।<br>
<table>
<tr><th>सि न</th><th>कार्यालय भवन निर्माण</th><th>संम्झौता रकम रु</th><th>भुक्तानी रकम रु</th><th>प्रगती प्रतिशत</th></tr>
<tr><td>१</td><td>वडा न ५ वडा भवन</td><td>९०१५६५६</td><td>५१८२९३०</td><td>५७</td></tr>
<tr><td>२</td><td>वडा न ७ वडा भवन</td><td>८९१०४४१</td><td>६१७३४४५</td><td>६९</td></tr>
<tr><td>३</td><td>वडा न १२ वडा भवन</td><td>९०८९०५७</td><td>५२२१९९७</td><td>५७</td></tr>
<tr><td>४</td><td>वडा न ४ वडा भवन</td><td>९५५९७२४</td><td>७६०८३११</td><td>७९</td></tr>
<tr><td>५</td><td>वडा न ९ वडा भवन</td><td>८४३०६५१</td><td>-</td><td>०</td></tr>
<tr><td>६</td><td>वडा न १० वडा भवन</td><td>८८१४७४०</td><td>-</td><td>०</td></tr>
<tr><td>७</td><td>वडा न १ वडा भवन</td><td>८८८०७७३</td><td>-</td><td>०</td></tr>
<tr><td>८</td><td>वडा न ६ वडा भवन</td><td>-</td><td>-</td><td>०</td></tr>
</table>
उपरोक्त अनुसार ४ वटा वडा कार्यालय भवन ६० प्रतिशत औषत प्रगती भएको वाकी ४ वटाको प्रगती शुन्य रहेको अवस्था देखियो । निर्माण कार्य ठेकेदारले पेश गरेको स्वीकृत कार्यतालिका अनुसार प्रगती हुन नसके निर्माण कार्यको लागत वढ्ने, कार्यलयले थप प्रशासनिक खर्च व्यहोर्नु पर्ने , लगाएतका समस्या थपिने हुनाले समयमा निर्माण कार्य सम्पन्न गर्न आवश्यक निर्देशन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td><br>सडक कालोपत्रे: नगरपालिकाले नगर क्षेत्र भित्रका विभिन्न ५ वटा ठूला सडक कालो पत्रे गर्ने स्वीकृत कार्यकम अनुसार अधिकांस उपभोक्ता समिती मार्फत योजना कार्यान्वयन गरेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

| योजनाको नाम | लम्वाई/ मिटर | संम्झौता रकम रु | भुक्तानी रकम रु | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| पहलमानपुर देखि दक्षिण सडक | ५०० | ४१०१९७७ | ४०२८४८२ | ९८ |
| पहलमानपुर देखि उत्तर सडक | ५२० | ४९९५८५२ | ४९७९१८४ | ९९ |
| राष्ट्रिय चोक देखि भुखाली चोक सडक | ४४५ | ४८४८९४५ | ४७३७०५८ | ९७ |
| शान्तिनगर सडक | ८९१ | ८४८२७९८ | ८३२३४८४ | ९८ |
| प्रगती नगर कालोपत्रे | ३२० | ३७२०५०८ | ३४८४८९० | ९३ |

ठेकेदार तथा उपभोक्ता समितीमार्फत कार्यान्वयन भएका सडक कालोपत्रे योजनाहरुको क्युव टेस्ट प्रयोग भएका सामानको गुणस्तर प्रमाणिकरण सर्टिफिकेट निश्चित नगरी भुक्तानी भएको देखिएकाले गुणस्तर आश्वस्तता हुने गरी निर्माण सामग्रीको प्रमाणिकरण गरी खर्चको भुक्तानी हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>

**उपभोक्ता मार्फत निर्माण कार्यको विल भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७(१क) अनुसार १ करोड सम्मको श्रमदान ,कन्टिजेन्सी , ओभरहेड, मु अ कर समेतको लागत हुने निर्माण कार्य उपभोक्ता समितीलाई दिन सकिने व्यवस्था छ । नगरपालिकाले सोही व्यवस्था अनुसार वडागत निम्नानुसारका योजनाहरु उपभोक्ता मार्फत कार्यान्वयन गरी नियम १२३(१) वमोजिम देहाय अनुसार भुक्तानी गरेको प्राप्त विवरणमा उल्लेख छ ।

| वडा न | कार्यान्वयन योजना संख्या | विनियोजित वजेट | भुक्तानी रकम |
|---|---|---|---|
| वडा न १ | २८वटा पूर्वाधार निर्माण योजनाहरु | ९२२०००० | ९०८०४८५ |
| वडा न २ | २३वटा पूर्वाधार निर्माण योजनाहरु | ६७७९४८० | ६५०५२२३ |
| वडा न ३ | १५वटा पूर्वाधार निर्माण योजनाहरु | ८१२०००० | ६७५७०२८ |
| वडा न ४ | ११वटा पूर्वाधार निर्माण योजनाहरु | १०२००००० | १००९८९७८ |
| वडा न ५ | ३१वटा पूर्वाधार निर्माण योजनाहरु | १०६३०००० | १०४७५१४ |
| वडा न ६ | १३वटा पूर्वाधार निर्माण योजनाहरु | ८१८५००० | ८१८५००० |
| वडा न ७ | १८वटा पूर्वाधार निर्माण योजनाहरु | ८४५०००० | ८२३४८९४ |
| वडा न ८ | १७ वटा पूर्वाधार निर्माण योजनाहरु | ८६००००० | ७७६५६१६ |
| वडा न ९ | २२ वटा पूर्वाधार निर्माण योजनाहरु | १०७८०००० | १०७८०००० |
| वडा न १० | २३वटा पूर्वाधार निर्माण योजनाहरु | ७८८५००० | ७७६४२४९ |
| वडा न ११ | पूर्वाधार निर्माण योजनाहरु | ८७२५००० | ८२०७५३१ |
| वडा न १२ | ५वटा पूर्वाधार निर्माण योजनाहरु | ३६००००० | २०३८४०७ |
| **जम्मा** | | **१०११७४४८०** | **८६४६४९२५** |

उपभोक्ता समितीबाट संचालित योजनाको ठेक्का विलहरुमा लागत अनुमान कै हाराहारीमा कामको मूल्यांकन हुने गरेको ,कतिपय विलहरुमा दर रेट उल्लेख नगरी रकम मात्र उल्लेख गरी विल स्वीकृत हुने गरेको , लागत अनुमान वरावर मूल्यांकन गरीनाले यथार्थ कार्य मापन भए नभएको आश्वस्त हुन सक्ने अवस्था देखिएन । साथै ६० लाख माथीका योजनाहरुमा उपभोक्ताको श्रमदानको अंश आईटम वाइज खुलाउनुपर्ने नियमावलीको व्यवस्था प्राविधिकबाट विल तयार गर्दा यकिन नगरी कूल विलको मूल्यांकन भएको अंक बाट सम्झौता अनुसार नगरपालिकाले दिनुपर्ने रकम घटाएर वाकी रहने मूल्यांकनको अंश उपभोक्ताको श्रमदानको अंश भनि प्रमाणित गर्ने गरेको देखिन्छ । प्राविधिकहरुले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा ल ई , सम्झौता रकम , कार्य सम्पन्न हुने मिती, उपभोक्ताले श्रमदानमा व्यहोरेको काम सहितको लागत सहभागीताको अंश लगायतका इन्जिनीयरीङ नर्म्स अनुसार</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विल तथा कार्य सम्पन्न प्रतिवेदनमा खुलाउनु पर्ने तथ्यांक उल्लेख गर्ने गरेको छैन । प्राविधिकले इन्जिनीयरीङ नर्म्स अनुसारको उपभोक्ता समितीको विल वनाउदा नापजाचलाई वास्तवीक कार्य सम्पादनमा आधारीत वनाउनु पर्दछ । | |

३९. **परामर्श सेवा खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ख (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मुल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न परामर्श सेवावापत रु.४८४२०५०।- भुक्तानी गरेको छ । परामर्शदाताले तयार गरेको सर्वे डिजाइन र लागत अनुमानको प्रतिवेदन तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा परीक्षण तथा मूल्याङ्कन हुने Draft Report मा सुझावसहित प्रतिवेदन अन्तिम रुप दिने गरेको समेत देखिएन। यसरी तयार गरेका प्रतिवेदनलाई नगर सभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउनुपर्दछ।

| गो भौ न। मिती | संस्था | कार्यक्रम | भुक्तानी |
|---|---|---|---|
| ६२/२०७५/८/२० | दिप इँन्जिनीयरिङ कन्सल्ट एण्ड रिसर्च प्रा लि | नगरभित्रका सडक संञ्चालनको डि पि आर तयार गर्ने १८.४८ कि मी | १४०३४६० |
| ६२/२०७५/८/२० | मूनलाईट सिभिल सोलुसन प्रा लि | विभिन्न वडा कार्यालय भवनको माटो परीक्षण | १९६६२०० |
| २३४/२०७५/१२/१४ | भूगोल इन्जिनीयरिङ कन्सल्ट प्रा लि | नगरपालिकाको यातायात गुरुयोजना तर्जुमा | ९८९८८० |
| ५२४/२०७६/३/२४ | Ride arch & Enginering pvt | घोडाघाडी तालको डि पि आर तर्जुमा | ४८२५१० |
| **जम्मा** | | | **४८४२०५०** |

४०. **टुका पारी निर्माणः** वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड मार्फत ताल आसपासका क्षेत्रहरुको मर्मत , व्युटिफिकेशन , पानी निकास, डुङ्गा स्टेशन जस्ता संरचनाहरु निर्माण तथा मर्मतका लागि नगर कार्यपालिकाको पटके निर्णयका आधारमा पटक पटक कार्यक्रम सशोधन गरी बजेट व्यवस्था गरेको कारण रु. ५ लाख ल ई ननाघ्ने गरी निर्माण कार्यको बजेट अनुसार पटक पटक ठेक्का दिई भुक्तानी गरेको देखियो । निकायलाई दिइने अनुदान वार्षिक रुपमा नै स्वीकृत गरी ठेक्काबाट निर्माण कार्य गराउने व्यवस्था हुनुपर्दछ ।

| सि न | निर्माण व्यवसायी | निर्माण कार्य | भुक्तानी रकम रु |
|---|---|---|---|
| १ | सनलाईट कष्ट्रक्सन | टिकट घर मर्मत ढुङ्गा स्टेशन निर्माण | २९२३६० |
| २ | भूमिराज विल्डर्स | डुङ्गा स्टेशन निर्माण | ३९१५००.८६ |
| ३ | जे के निर्माण सेवा | ओजुवा ताल पानी निकास कार्य | ४८७५१७.९५ |
| ४ | प्रेम विल्डर्स | ओजुवा ताल ह्यूम पाईप स कार्य | ४८०५२७ |
| ५ | न्यू कुमारी कष्ट्रक्सन | शौचालय निर्माण मर्मत | ४८९००८ |
| ६ | प्रेम विल्डर्स | गोही प्रजनन स्थल व्यवस्थापन | ४८८९९९ |
| जम्मा | | | २६२९९१२.८१ |

४१. **कन्टिन्जेन्सी खर्चको अभिलेख–**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य बेहोराहरु निम्न छन्<br>**क**)कार्यालयले निर्माण कार्यको हकमा अनुगमन ,सुपरीवेक्षण लगाएतका थप कार्यका लागि रनिङ विलबाट ५% ले हुने रकम विलमा जोडी खर्च लेख्नु पर्ने कानुनी व्यवस्था विपरीत विभिन्न ८ वटा वडा कार्यालय भवनहरुको ठेकेदारहरुसँग भएको सम्झौता रकमको ५ % ले हुन कन्टिजेन्सी रकम ठेकदारले मोविलाइजेशन पेश्की लिएको समयमा रनिङ विल जारी गर्दैको अवस्थामा एकमुष्ट कट्टा गरी सो बाट कन्टिजेन्सी खर्च गर्दै आएको देखियो । कार्यालयले ८ वडा कार्यलय भवनको सम्झौता अंक को ५%ले हुने रु २२७२०००। कन्टिजेन्सी शुरुमा नै एकमुष्ट कट्टी गरी सो बाट खर्च गर्दै जाने गरेकोले उक्त कन्टिजेन्सी वापत कट्टी हुने रकम रनिङ विलअनुसार वास्तविक खर्चका आधारमा कन्टिन्जेन्सी खर्च लेख्ने व्यवस्था हुनुपर्दछ ।<br>**ख**)सार्वजनिक खरीद नियमावली २०६४ नियम ९७(४) अनुसार उपभोक्ता समिती वा लाभग्राही समुदायलाई निर्माणको कार्य दिदा उप नियम(३) वमोजिमको खण्ड(ख) वमोजिमको लागत अनुमानमा रहेको मु अ कर, ओभरहेड , कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टी गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले शान्ती नगर रिङरोड निर्माण उपभोक्ता समितीसँग सम्झौता अनुसार रु ५८१५८२६।४४ कार्यको अन्तिम विल भुक्तानी दिदा नियमानुसार कन्टिजेन्सी रु १७४४७४।७९ कट्टी गरेर मात्र वाकी रु ५६४१३२५। भुक्तानी दिनुपर्नेमा सम्झौतामा उल्लेख भएको रकम भुक्तानी भएकोले वढी भुक्तानी भएको कन्टिजेन्सी वापतको रकम असुल हुनुपर्ने रु | १७४४७४.७९ |
| ४२. | **बहाल कर:** शान्ती नगर रिङ्गरोड निर्माण उपभोक्तालाई अन्तिम विल भुक्तानीमा ग्राभेल कार्यमा भाडामा लिएको श्री विद्या कष्ट्रक्सन कम्पनीको रोलर तथा ट्रिपर को विजक अनुसारको रु १३१७६००। को १० प्रतिशतले हुने भाडा कर कट्टी गरेर भुक्तानी दिनुपर्नेमा आयकर ऐन २०५८ को दफा ८९ अनुसारको भाडाकर रु १३१७६०। कट्टि गरेको नदेखिएकाले बहालकर असुल हुनुपर्ने रु | १३१७६० |
| | **वित्तिय समानिकरण (पूँजीगत)** | |
| ४३. | **पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको:**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता वमोजिमको निर्माण कार्य तोकिए अनुरुपको म्यादमा सम्पन्न हुन नसकेकामा निजले सम्झौता रकमको अधिकतम १० %मा नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकम को ०.०५% पूर्व निर्धारीत क्षतिपूर्ति व्यहोर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सडक कालोपत्रे कार्यको लागि सम्झौता अनुसार निम्नानुसारका ठेक्कामा ठेकेदारले सम्झौता अनुसारको समय सीमामा निर्माण कार्य सम्पन्न गर्न नसकि पटक पटक म्याद थप हुदा पूर्व निर्धारीत क्षतिपूर्ति लिएर मात्र ठेक्काको म्याद थप गर्नुपर्ने कानुनी व्यवस्थाको पालना नगरी म्याद थप्दै गएको देखिएकोले नियमावलीको व्यवस्था अनुसार म्याद थप नगरेको केहि व्यहोरा निम्न छन ।<br>१) सोडापानी घुसर रोड कालोपत्रे कार्यको कवोल अंक ६८९४१०३।२४(भ्याट वाहेक) मा श्री रामारोशन निर्माण सेवालाई २०७४ कार्तिक मसान्तको कार्य सम्पन्न अवधि तोकी २०७४।५।५ मा सम्झौता भएकोमा निज निर्माण व्यवसायीले २ पटक म्याद थप गरी २०७५।४।१ सम्म रु | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४४८७५५३।४५ प्रथम रनिङ विलबाट गत वर्ष सम्म भुक्तानी लिएको देखियो । उक्त समयमा समेत म्याद भित्र कार्य सम्पन्न गर्न नसकि २०७४ चैत्र मसान्त सम्म तेस्रो पटक म्याद थप भएको देखिन्छ । मिती २०७५ वैशाख देखि अन्तिम रनिङ विल पेश गरेको मिती २०७५।६।२१ सम्म ठेक्काको निरन्तरता पाएको समेत देखिएन । कार्यालयमा निज व्यवसायीले अन्तिम विल रु २३११४२०।३२ पेश गरी भुक्तानी कार्वाही अगाडी वढाएकोमा निज ठेकेदारलाई सम्झौता रकमको १०% ले हुने हर्जना रु ६८९४१०।२४ लिएर मात्र अन्तिम विलको भुक्तानी गनुपर्नेमा म्याद थप समेत नगरेको अवस्थामा विल भुक्तानी भएको देखिएकोले हर्जना वापतको रकम निजबाट असुल हुनुपर्ने रु | ६८९४१०.२४ |
| | निज ठेकेदारले विलका ps items मध्ये lab test वापत रु ३००००। तथा विमा वापत रु १०००००। समेत रु १३००००। विल वेगर भुक्तानी लिएकोले उक्त रकमको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १३०००० |
| | २) राष्ट्रिय चोक देखि भानुचोक सम्मको सडक कालोपत्रे गर्न निर्माण व्यवसायी श्री जे वि निर्माण सेवा सँग रु ४८४८९४५।५४(भ्याट वाहेक) सम्झौता भई २०७५ आश्वीन १८ भित्र सम्झौता अनुरुपको निर्माण सम्पन्न गर्ने गरी ठेक्का भएकोमा निज ठेकेदारले पहिलो पटक २०७५ मंशिर मसान्त सम्म, पुन २०७५ फाल्गुण मसान्त सम्म नगरपालिकाको निर्णय बाट म्याद थप भएकोमा सो अवधिमा प्रथम रनिङ विल बाट रु २१५२४।५७ भुक्तानी लिएकोमा पुनः निर्माण कार्य नसकिएको भनि नगर कार्यपालिकको वैठकले तेस्रो पटक २०७५ चैत्र सम्म म्याद थप गरेको देखियो । यसरी पटक पटक २०० % सम्म म्याद थप हुदा समेत निर्माण कार्य सम्पन्न गरेको देखिएन । अन्तिम रनिङ विल भुक्तानी हुन अगावै निजबाट १० % हर्जना लिई अन्तिम विल हर्जना कट्टी गरेर मात्र भुक्तानी हुनुपर्नेमा सो वेगर रु २५४४५४१।९७ भुक्तानी भएको देखिएकोले निजबाट सम्झौता रकमको १०% ले हुने हर्जना रु ४८४८९४।५६ असुल हुनुपर्ने रु | ४८४८९४.५६ |
| | ३) पहलमानपुर दक्षिण सडक कालोपत्रे कार्यको निर्माण व्यवसायी श्री रामारोशन निर्माण सेवा सँग रु ३६३००६८।(भ्याट वाहेक) कवोल गरी २०७५।५।२० भित्र सम्पन्न गर्ने शर्तमा असार २० ,२०७५ मा ठेक्का सम्झौता भएको छ । निज ठेकेदारले समयमा कार्य सम्पन्न गर्न नसकि २०७५।६।८ मा मंसिर मसान्त सम्म म्याद थप गरी प्रथम रनिङ विलबाट रु २०४२१६७।६४ भुक्तानी लिएकोमा सो अवधिमा समेत निर्माण कार्य सम्पन्न भएको देखिएन । २०७५।८।१० मा नगर कार्यपालिकाको निर्णयबाट पूनः म्याद थप भएको , यसरी पटक पटक थपिएको म्याद भित्र कार्य सम्पन्न गर्ने गराउने तर्फ ध्यान नदिने ठेकेदारलाई संम्झौता अंकको १० % ले हुने रकम हर्जना लिएर मात्र अन्तिम विल भुक्तानी गर्नुपर्नेमा सो वेगर अन्तिम विल रु २०४२१६७।६४ समेत कूल रु ४०८४३३५।२८(भ्याट समेत) भुक्तानी भएको देखिएकोले संम्झौताको १० % ले हुने हर्जना रु ३६३००७। असुल हुनुपर्ने रु. | ३६३००७ |
| | उक्त ठेक्काको अन्तिम रनिङ विल भुक्तानी हुदा ps items वीमाको विल वेगर थप भुक्तानी भएको समेत देखिएकोले वीमा वापतको रु ५००००। भुक्तानीको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ५०००० |
| ४४. | **निर्माण सामग्री खरिदः** कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिद गरेको छ । यसरी सामग्री खरिद गर्नुपूर्व स्वीकृत लागत अनुमान अनुसार प्रयोग हुने योजनासमेत निश्चित गर्नुपर्नेमा निर्माण सामग्री मात्र सिधै खरिद गरेको देखियो । यसरी कार्यक्रम वेगर खरिद भएका रु. ८१४२६३६.८ मूल्यका निर्माण सामान प्राविधिकबाट नापी किताबमा खर्च जनाई योजनाको बिल अनुसार जिन्सीबाट यस्ता सामान खर्च घटाउनु पर्नेमा उक्त सामानहरु जिन्सीमा मौज्दात समेत नदेखिएकाले खरिद गरेका सामानहरु हिनामिना हुने स्थिति देखियो । यसरी खरिद भएका परिमाणका निर्माण सामग्रीहरु कहाँ कुन अवस्थामा छन्, यकिन गरी आगामी वर्षको कार्यक्रममा उपयोग गरी खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु. | ८१४२६३६.८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो भौ न । मिती | आपूर्तकको नाम | पाईपको विवरण | संख्या | भुक्तानी रकम रु |
|---|---|---|---|---|
| २२७/२०७५/१२/१३ | मालिकार्जुन ह्यूम पाईप एण्ड कंक्रिट उद्योग | Np3 900 dia | ६ थान | ४५८८५ |
| २६५/२०७६/१/८ | एन वि कृषि औ वि केन्द्र कम्वाइन राइस मिल | 9 मि को विद्युत पोल | ६ थान | २४०००० |
| ४०८/२०७६/२/२९ | रामदुत कंक्रिट उद्योग | Np3 600 dia | १२ थान | ३८७०३६ |
| | | Np3 900 dia | ३ थान | |
| ४०७/२०७६/२/२९ | कैलाली कंक्रिट उद्योग | Np3 300 dia | २८ थान | ४८७३८० |
| | | Np3 600 dia | २ थान | |
| | | Np3 450 dia | ४ थान | |
| ४४३/२०७६/३/५ | भागेश्वर ह्यूम पाईप इन्ड्रष्टिज | Np3 300 dia | २ थान | ४८३८०३ |
| | | Np3 450 dia | १३ थान | |
| | | Np3 600 dia | ४ थान | |
| | | Np3 900 dia | ४ थान | |
| ४०६/२०७६/२/९ | सेती ह्यूमपाईप तथा विद्युत पोल उद्योग | Np3 900 dia | १० थान | १९५९२२८ |
| | | Np3 600 dia | ३० थान | |
| | | Np3 450 dia | ४० थान | |
| | | Np3 300 dia | १७ थान | |
| १९५/२०७५/११/२२ | सेती ह्यूमपाईप तथा विद्युत पोल उद्योग | Np3 600 dia | ४ थान | ९१४८८.८० |
| १६/२०७५/८/२२ | कोमल हार्डवयर | Gabin box 3*1*1 size | ६१ थान | ४९६५६८ |
| | | Gabin box 2*1*1 size | ५५ थान | |
| १७/२०७५/४/१९ | भागेश्वर ह्यूमपाईप उद्योग | Np3 450 dia | ५६ थान | १९९४६७६ |
| | | Np3 600 dia | ५७ थान | |
| १६२/२०७५/१०/२२ | सेती ह्यूमपाईप तथा विद्युत पोल उद्योग | Np3 900 dia | १ थान | १९५६५७२ |
| | | Np3 600 dia | ३० थान | |
| | | Np3 450 dia | ६४ थान | |
| | | Np3 300 dia | १२ थान | |
| जम्मा | | | | ८१४२६३६.८ |

४५. **बर्षान्तमा रकमान्तर**:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । नगरपालिकाको नीति तथा कार्यक्रममा योजना कार्यान्वयन सम्बन्धमा बैशाख मसान्त पछि यस्तो रकमान्तर तथा उपभोक्ता सँग कार्यान्वयन सम्झौता नगरिनेसमेत उल्लेख छ । यो वर्ष कार्यापालिकाले पटके निर्णयबाट ३५ वटा स्वीकृत कार्यक्रमको रु.२ करोड ८ लाख ५० हजार बजेट विभिन्न नयाँ ४१ वटा योजना तथा कार्यक्रममा रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :** | |

**क**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुन: तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडक लगायतका योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुन: सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर, लोडर, टिपर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।

**ख**) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुन: सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुन: निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट कार्य गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो भौ न । मिती | उपभोक्ता समितीको नाम | ठेकेदारको नाम | विजक न | विजक रकम | मु.अ.क. थप |
|---|---|---|---|---|---|
| ५६०/२०७६/३/१८ | करैया भगतपुर ग्राभेल नि उ स | प्रेम विल्डर्स | ३३ | ८३१३१० | १०८०६० |
| ४८३/२०७६/३/१६ | गणेशपुर झो.पु. जाकपुर ग्राभेल उ स | प्रेम विल्डर्स | २२ | २५६७२४८ | ३३३७४२ |
| ४३/२०७५/८/११ | वडा न ९ बाटो मर्मत उ स | न्यू कुमारी कष्ट्रक्सन | ४० | ३५३६०० | ४५९६८ |
| | | विद्या कष्ट्रक्सन | ३० | ११२५०० | १४६२५ |
| ९७/२०७५/९/१३ | शान्तिनगर रिडरोड नि उ स | आर्यन पेट्रो केमिकल्स ट्रेडिङ | ८४,९६ | ९२८२०० | १२०६६६ |
| | | श्रीपुर कंकिड उद्योग | १०२७ | १११४३३१ | १४४८६३ |
| | | विद्या कष्ट्रक्सन | ५ | १३१७६०० | १७१२८८ |
| १५९/२०७५/१०/२७ | देविकलिया चोक हरीयाली | जे वि निर्माण | २३ | ७२१००० | ९३७६० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | वन स | सेवा | | | |
| १६०/२०७५/१०/२० | खडक चौधरीको घर-वगुलिया पछला टोल स ग्रा समिती | प्रेम विल्डर्स | २ | ७९६४६१ | १०३५४० |
| १९६/२०७५/११/२७ | चौकिदारको घर-भोजपुर चोक ग्रावेल उ स | प्रेम विल्डर्स | ४ | ८०००७५ | १०४००९ |
| २४२/२०७५/११/१४ | आदर्श प्रा वि जाने वाटो ग्राभेल उ स | न्यू कुमारी कष्ट्रक्सन | ८ | ३२७०६५ | ४२५१८ |
| २५२/२०७५/१२/२५ | शिवपुर चोक-प्रेम चौधरी-टनकपुरैयाको घर सम्म सडक ग्राभेल उ स | अमर एण्ड तेज कष्ट्रक्सन | ३ | ६२५८४० | ८१३५९ |
| | डोके वजार देखि टेडगना नदि सम्मको वाटो स्तरोन्ती उ. स. | | | ३६०२४२४.१८ | |
| | वेलार गाउँ विचटोल पिपल चौतारा पश्चिम डोडा नदि तटवन्ध उ. स. | | | १९१६४१२.०० | |

४७. **गाई व्यवस्थापन खर्चः** नगरपालिकाले छाडा गाई वस्तु व्यवस्थापनका लागि छाडा गाई वस्तु व्यवस्थापन समिति मार्फत हेरालु खर्च भनि खर्च लेखेको रु१७५९३६०।- रकमबाट कति जना हेरालु लाई के कति खर्च रकम भुक्तानी भएको हो सोको एकिन विवरण पेश हुन आएन । नगरपालिकाले छाडा बस्तुभाउको दीर्घकालीन स्थायी समाधानको लागि प्रभावकारी कदम कार्यान्वयनमा ल्याई बस्तुभाउको व्यवस्थापन गर्नुपर्दछ ।

| गो भौ न । मिति | रकम |
|---|---|
| १४१/२०७५/८/२८ | ४३२०००.०० |
| १४२/२०७५/८/१४ | ६२४०००.०० |
| २०४/२०७५/९/२० | १३२०००.०० |
| ४०१/२०७५/१२/५ | ५७१३६०.०० |
| **जम्मा** | **१७५९३६०** |

४८. **विविध खर्चः**

कार्यालयले खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले नियम सँगत नदेखिएको रु. — बेरुजू रकम: ३७२९२०

| सि.नं. | गो.भौ.नं./मिति | विल /रकम |
|---|---|---|
| १ | ११९/२०७५/८/७ | ३००००.०० |
| २ | १७९/२०७५/९/१३ | ५०७५०.०० |
| ३ | २२७/२०७५/९/२४ | ६०००.०० |
| ४ | २२३/२०७५/९/२३ | २६३२५५ |
| ५ | ३२०/२०७५/१०/२७ | २२९१५ |
| | जम्मा | ३७२९२० |

४९. **सहजीकरण भत्ताः** नगरपालिकाद्धारा संञ्चालन गरीने सूचनामूलक, प्रवर्धानत्मक कार्यक्रमको उदघाटन

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>समापन जस्ता अनौपचारिक वजेट तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा अध्यक्षता लगाएत सम्मानजक आथित्यता गर्दा पारिश्रमिक भत्ता लिन पाउने व्यवस्था देखिदैन । तर कार्यालयले प्राकृतिक स्रोत द्वन्द रुपान्तरण जनचेतना कार्यक्रममा सहभागी भए वापत गो भौ न ४६२।२०७५।१२।२६ बाट रु ५४९००। को १५% ले हुने रकम रु ८२३५ कट्टी गरी खुद रु ४६६६५।भुक्तानी भएको देखिन्छ । नियममा व्यवस्था नभएको अवस्थामा यसरी लिएको रकम असुल दाखिला हुनुपर्ने रु</td><td>४६६६५</td></tr>
<tr><td>५०.</td><td>वितरित भरपाईको आधिकारीकता : स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा नगरपालिकाबाट सञ्चालित  वितरणमुखि कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरण भरपाईमा मिति समेत खुल्दैन , केहिमा संङख्या किटान नभएको, केहिमा ठेगाना नै नखुलेको तथा केहिमा हस्ताक्षर नै नरहेको समेत पाईयो । साथै अधिकासं भरपाईहरु सादा पानामा तथा नगरपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन । वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु बुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारीक व्यक्तिबाट प्रमाणित भई आए पछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ न /मिति</th><th>कार्यक्रमको नाम</th><th>कार्यक्रम खर्च</th></tr>
<tr><td rowspan="2">८८/२०७५/८/३</td><td>जै घास वितरण ४० के जी</td><td>३६०००</td></tr>
<tr><td>वर्षिम घास २०० के जी</td><td>५४०००</td></tr>
<tr><td rowspan="2">२०६/२०७५/९/२०</td><td>च्याऊ विऊ वितरण ८०० के जी (५०%अनुदान )</td><td>२३००००</td></tr>
<tr><td>प्लाष्टिक वितरण(५०% अनुदान)</td><td>७००००</td></tr>
<tr><td>२०८/२०७५/९/२०</td><td>गहु विऊ वितरण ५३८ के जी(५०% अनुदान )</td><td>३५००२५</td></tr>
<tr><td>२१२/२०७५/९/२०</td><td>तरकारी विऊ वितरण</td><td>९००००</td></tr>
<tr><td>३९६/२०७५/१२/३</td><td>तरकारी विऊ वितरण ६४ के जी</td><td>९००००</td></tr>
<tr><td>४६३</td><td>च्याऊ विऊ वितरण</td><td>२१६०००</td></tr>
<tr><td>४४९/२०७५/१२/२४</td><td>सिमान्तकृत १८ घरपरिवारलाई ३६ वटा वाखा वितरण</td><td>५०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६३६०२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१.</td><td>सामाजिक सुरक्षा कार्यक्रमः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट  खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ ।</td><td></td></tr>
<tr><td></td><td>(क) नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.१०३९३८४००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले ब्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>ख) दोहोरो भत्ताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । नगरपालिकाको निम्न वडाहरुमा भत्ता वुझेको भरपाई वेगर नै खर्च लेखेको देखिएकाले उक्त भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने देखियो । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>नाम</th><th>लक्षित समूह</th><th>जम्मा रकम</th><th>चौमासिक</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>टिकाराम सापकोटा</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>पदमा कुमारी तामाङ</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>पूर्णलाल सापकोटा</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>विश्रि डगौरा</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>पुष्पा जैसी</td><td>विधवा</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>वाचु कामी</td><td>विधवा</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>बकिया देवि डगौरा</td><td>विधवा</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>१</td><td>विदेशनी डगौरा</td><td>विधवा</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>३</td><td>गौरा जोशी</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>३</td><td>गिलासपति चौधरी</td><td>विधवा</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>८</td><td>राजु धामी</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>८</td><td>लल वहादुर रावल</td><td>जेष्ठ नागरिक</td><td>८०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७६०००</td><td></td><td></td></tr>
</table>
</td><td>७६०००</td></tr>
<tr><td>५२.</td><td>
पेश्की :<br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।<br>
उपभोक्ता समितिहरुमार्फत कार्यान्वयनमा ल्याइएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षमाभित्र फर्छ्यौट नहुने गरी पेश्की समेत उपलब्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि रु.१४२९८०००।- पेश्की दिएको देखिन्छ ।<br>
पेश्की फर्छ्यौटः<br>
पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>२०७६/३/२९</td><td>गडगरी नि.मा.बि.</td><td>८३३००</td><td></td></tr>
<tr><td>२.</td><td>२०७६/३/२०</td><td>जनप्रगतिशिल आ.बि.</td><td>६८४०००</td><td></td></tr>
</table>
</td><td>३९२१०२२१</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ३. | २०७६/३/३० | दशरथ मा.वि. | ८८९३७५४ | | |
| | ४. | २०७६/३/२९ | राष्ट्रिय मा.वि. | ८३३०० | | |
| | ५. | २०७६/३/२९ | राष्ट्रिय मा.वि. | ११५००००० | | |
| | ६. | २०७६/३/२० | बाल ज्योति आ.वि. | ६८४००० | | |
| | ७. | २०७६/३/२९ | सरस्वति आधारभूत विद्यालय | ४८५६४९ | | |
| | ८. | २०७६/३/२६ | सिताकुण्ड मा.वि. | ३५६८०० | | |
| | ९. | २०७६/३/२९ | जनकल्याण मा.वि. | २२२००० | | |
| | १०. | २०७६/३/२९ | मेलघट्टी मा.वि. | २२२१०० | | |
| | ११. | २०७६/२/१९ | सुखड सामूदायिक सिकाइ केन्द्र | १२९००० | | |
| | १२. | २०७६/२/१९ | सनातन धर्म संस्कृति वेद विद्याश्रम | २४१००० | | |
| | १३. | २०७५/८/२४ | अनन्त जोशी | ४००००० | | |
| | १४. | २०७५/८/७ | घोडाघोडी नगरस्तरिय बुद्धिचाल उप समिति | ७०००० | | |
| | १५. | २०७६/१/११ | घोडाघोडी नगरस्तरिय खेलकुद विकास समिति | ५०००० | | |
| | १६. | २०७६/३/३० | घोडाघोडी सहायता केन्द्र | १००००० | | |
| | १७. | २०७५/९/८ | निश्चल मिडिया प्रा.लि. | १६३३५० | | |
| | १८. | २०७६/३/३१ | पदम बि.क. | २३३६८ | | |
| | १९. | २०७५/११/१७ | यज्ञराज आचार्य | ७५००० | | |
| | २०. | २०७५/११/१७ | विन्दास म्युजिक अवार्ड | १००००० | | |
| | २१. | २०७५/१२/१७ | समाज परिवर्तनका लागि वातावरण संरक्षण प्रवर्द्धन नेपाल | १६५०० | | |
| | २२. | २०७५/१/२४ | स्वतन्त्र विद्यार्थी युनियन | २५००० | | |
| | २३. | २०७६/३/२९ | सोल्टा चिसापानी ग्याप्टिङ सञ्चालन समिति | ३००००० | | |
| | २४. | २०७६/१२/१३ | अञ्जु निर्माण सेवा, धनगढी | ४३०४००० | | |
| | २५. | | निराजन कन्स्ट्रक्सन टिकापुर | ११००००० | | |
| | २६. | २०७५/१२/२४ | मसिना धनलक्ष्मी जे.भी. | १६५८००० | | |
| | २७. | २०७५/१२/१२ | बुलबुले बहुमुखि क्याम्पस, पहलमानपुर | १५००००० | | |
| | २८. | २०७५/१२/८ | समाज विकासमा गतिशिलता | ७८०००० | | |
| | २९. | २०७५/१२/२७ | कैलाश धाम शौचालय पिकनिक स्पट | ३३००० | | |
| | ३०. | २०७५/१२/२७ | गणेशपुर बाटो निर्माण तथा उ.स. | १६५००० | | |
| | ३१. | २०७५/९/२४ | गुरही गाउँ बस्ती व्यवस्थापन बाटो निर्माणसमेत उ.स. | २९७००० | | |
| | ३२. | २०७५/९/२ | गुरही ताल तथा सिंचाई कुलो बाँध नि.उ.स. | २३१००० | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ३३. | २०७५/८/२० | जनप्रिय सा.व.उ.स., १२ | १४८५०० | | |
| | ३४. | २०७६/३/१२ | जरही कटान खानेपाली उ.स. | ६९३००० | | |
| | ३५. | २०७६/३/११ | जिविका सहकारीदेखि दक्षिण जाने बाटो नि.उ.स. | १३८६०० | | |
| | ३६. | २०७५/९/२४ | भुखाली तालदेखि सिमलचोकसम्म बाटो निर्माण उ.स. | २६४००० | | |
| | ३७. | २०७६/३/९ | पानी निकासको लागि होमपाइप जडान तथा नाली निर्माण योजना | ३२६००० | | |
| | ३८. | २०७६/३/५ | बुलबुले बहुमुखि क्याम्पसमा खानेपानी धारा नि.उ.स. | ७०२०० | | |
| | ३९. | २०७५/९/२५ | रजना टोल सिंचाई बोरिङ जडान उ.स. | १६१७०० | | |
| | ४०. | २०७६/२/२६ | रजेना पानी व्यवस्थापन उ.स. | ४४२२०० | | |
| | ४१. | २०७५/१/२ | वनवर्षा शिव प्रा.वि.देखि कान्द्रा नदीका छेउछाउ हुँदै खोल मुल बाटोसम्म बाटो नि.उ.स. | २६४००० | | |
| | ४२. | २०७६/१/११ | श्री करैचा ३ घरुवा जाने बाटोमा कल्भर्ट नि.उ.स. | १९८००० | | |
| | ४३. | २०७६/१/२२ | श्री कौवा गाउँ कल्भर्ट नि.उ.स. | २३१००० | | |
| | ४४. | २०७५/१२/२७ | शिवमन्दिर नि.उ.स. | ३३०००० | | |
| | ४५. | २०७५/८/२३ | शिवपुर टोल विकास समिति | ४९५०० | | |
| | ४६. | २०७६/३/९ | शिवपुर दुन्द्रो नालामा तटवन्धन | ४४५५०० | | |
| | ४७. | २०७६/३/१९ | सुन्दर टोल सिंचाई उ.स. | ३३०००० | | |
| | ४८. | २०७६/२/२८ | सरैया स्वास्थ्य केन्द्रमा प्लास्टर नि.उ.स. | ७५९०० | | |
| | ४९. | २०७५/११/२२ | हरिनगर भत्तानटोल स्वच्छ खानेपानी योजना | ६६००० | | |
| | **जम्मा** | | | ३९२१०२२१ | | |
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भए तापनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।** | | | | | |
| | **८०७७७४०३००१ पूँजीगततर्फ** | | | | | |
| ५३. | **गो.भौ.नं.१९४, २०७५।११।२२:** बृहत घोडाघोडी ताल तथा पर्यटन विकास बोर्डलाई सम्झौता रकम रु.४९५९२२।- र भुक्तानी रकम रु.४९६३९७- भएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. | | | | | ४७५ |
| ५४. | **गो.भौ.नं.३५४, २०७६।२।२६:** चितलपर खेमराज भण्डाराको घर नजिक स्लेप कल्भर्ट निर्माण खर्च रु. ३०००००।०० मध्ये रु. ७४६०।५६ कन्टिन्जेन्सी सहित भुक्तानी भएको असुल उपर गर्नुपर्ने रु | | | | | ७४६०.५६ |
| ५५. | **गो.भौ.नं.३६१, २०७६/२/२७ :** मठ मन्दिर मर्मत खा.पा. आर्टिजन जडान तथा हाट बजार स्थल नि.उ.स.लाई भुक्तानी रु. २१९२८४।०० मध्ये कन्टिन्जेन्सी रु ६७००।०० भुक्तानी भएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु. | | | | | ६७०० |
| ५६. | **गो.भौ.नं.३६२, २०७६/२/२७** नाजुरामको घर देखी कालिकोट टोल बाटो मर्मत वापत भुक्तानी रु | | | | | ८५८८.८६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | .३४०३६१।- मध्ये कन्टिन्जेन्सी रु. ८५८८।८६ सहित भुक्तानी भएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु. | |
| ५७. | **गो.भौ.नं.३८९, २०७६/२/२८** मुर्गाहुवा प्रदेशको घर देखी पुर्व जाने वाटो उ.स.लाई भुक्तानी रु. १३७१८५।०० मध्ये कन्टिन्जेन्सी रु. ४५५३।४८ सहित भुक्तानी भएकोले बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु. | ४५५३.४८ |
| ५८. | **गो.भौ.नं.३९२, २०७६/२/२८** बनखेतपुल देखी नारायणपुर काठेपुल सम्म सडक मर्मत उसालाइ भुक्तानी रु.१३१३००।०० मध्ये कन्टिन्जेन्सी रु. ४०००।०० सहित भुक्तानी भएकोले बढी भुक्तानी असुलउपर गनुपर्ने रु. | ४००० |
| ५९. | **गो.भौ.नं.५५२, २०७६/३/२४** बोरिङ जडानवापत पारिश्रमिक भुक्तानी रु.२७०००।- भएकोमा कर कट्टि नभएको असुल गर्नुपर्ने रु. | ४०५० |
| ६०. | **गो.भौ.नं.५७१, २०७६/३/२६**पश्चिमखेत खा.पा.उ.स. लाई रु.३०००००।- को सम्पन्न कार्यमा भुक्तानी भएको असुल उपर गर्नुपर्ने रु. | ५३०४८ |
| | **८०७७७४०३००१ चालुतर्फ** | |
| ६१. | **गो.भौ.नं.१४६, २०७५/८/२४** विद्युत महसुलवापत भुक्तानी रु.६८००।- विल रकम रु.६७८०।- भएकाले बढी भुक्तानी रु. | २० |
| ६२. | **गो.भौ.नं.२३१, २०७५/९/२५** थारु कल्याणकारी सेवालाई गाडीभाडा भरपाईका आधारमा भुक्तानी गरेको रु.३००००।- को बहाल कर कट्टि नभएकोले असुल दाखिला हुनुपर्ने रु. | ३००० |
| ६३. | **गो.भौ.नं.३४८, २०७५/११/१४** नगरस्तरीय अन्तरबिद्यालय स्तरीय खेलकुद संचालन भुक्तानी रु. ६९२००७।०० मध्ये सरस्वती आ.बि. प्रशिक्षक खाना खर्च १२ जनालाइ प्रतिव्यक्ति रु. ४००। का दरले हन आउने जम्मा रकम रु.४८००। को कर कट्टी नभएको रु ७२०। तथा रा.मा.बि. देवकलिया २३ जनालाइ रु. २५० का दरले ५७५० को कर कट्टि नभएको ८६२।०० समेत असुल दाखिला हुनुपर्ने **रु.** | १५८२ |
| ६४. | **गो.भौ.नं.३६२, २०७५/११/२१** ले.अ. देवराज जोशीले भत्ता बुझेको भरपाई नभएको रु.२४२२५।- ले असुल हुनुपर्ने रु. | २४२२५ |
| ६५. | **गो.भौ.नं.८३९, २०७६/३/२२** मोहन्याल आ.बि.लाई भुक्तानी दिएको रु.५००००। मध्ये गाडीभाडा वापत केशर सिंह बोहरालाई बुझाएको रु.१३२७७।०० को बहाल कर कट्टी नभएको रु. | १३२७ |
| ६६. | **गो.भौ.नं.८४६, २०७६/३/२३** गैसस महासंघ नेपाललाइ कार्यक्रम संचालन वापत भुक्तानी दिएको रु. २५६८००। मा प्रशिक्षण वापत प्रेमराज भट्टलाइ एकमुष्ट रु. २००००।००,हेमकर्ण बि.क.लाई रु. १५०००।००,प्रतिवेदन लेखन वापत देवी प्रसाद खनाललाई रु. १२०००।, कार्यक्रम संयोजकलाइ रु. २५०००।- एकमुष्ठ भुक्तानी गरेकोमा नम्स विपरित भुक्तानी गरिएको रु. | ७२००० |

## घोडाघोडी नगरपालिकाको संचित कोष विवरण
## २०७५।७६

अनुसूची १

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | घोडाघोडी नगरपालिका | कैलाली | १७१०४५ | २०२१२९ | ४१५२९८ | १५३६६७ | ७७१०९४ | ४९०६८६ | २५३१३५ | ५३५८३ | ७९७४०४ | १४४७३५ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की | | | जम्मा |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | | |
| १ | घोडाघोडी नगरपालिका | ४३ | २३ | ५०८४२ | ० | ० | ० | ४३ | २३ | ५०८४२ | २२६५ | १२२४ | ८१४३ | ० | ० | ९३६७ | ४९८ | ३८७१२ | | ३९२१० |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | घोडाघोडी नगरपालिका | कैलाली | ७२९२७ | १२४१४ | ६०५१३ | ० | ५०८४२ | १११३५५ |